DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# अस्थिर सत्ता समीकरणका प्रभाव

अंक ७ | चैत २०८०

## सारांश

प्रतिनिधिसभामा पूर्ण बहुमत कुनै राजनीतिक दलको नभएकाले दलीय गठबन्धन अपरिहार्य छ । तर बारम्बार सत्ता समीकरण परिवर्तन भइरहँदा त्यससँगै आउने अस्थिरताले मुलुकका सबै संयन्त्रमा दीर्घकालीन असर पुऱ्याएको हुन्छ । फागुन २०८० मा नयाँ गठबन्धन बनेपछि राजनीतिक दलमा पनि त्यसको प्रभाव परेको छ । सङ्घीय संरचनामा प्रदेश स्वतन्त्र सरकार भए पनि सत्ता समीकरण केन्द्रीकृत निर्णयबाट बन्ने भएकाले स्थिर बनेका प्रदेश सरकार पनि अकस्मात परिवर्तनको सँघारमा पुगेका छन् । अस्थिर सत्ता राजनीतिका कारणले विकास र सुशासनप्रति नागरिकको चाहना जोखिममा परेको छ । त्यसैले जनतामा निरासा र वितृष्णा बढ्दो क्रममा छ । यस्तो प्रवृत्ति सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि चुनौती हो । राजनीतिक दल सत्ता स्वार्थका लागि मात्रै नयाँ समीकरण बनाउँछन् भन्ने भाष्य स्थापित भएमा समग्र राजनीतिक प्रक्रियाप्रति जनताको विश्वास घट्दै जाने निश्चित छ । सत्ता सञ्चालनमा देखिएको अस्थिरताको जड राजनीतिक संस्कार नहुनाले हो या निर्वाचन प्रणालीले गर्दा हो या अन्य केही कारणले हो भन्नेबारे हचुवाको भरमा निर्णय लिनु उपयुक्त हुँदैन । तर व्यापक बहस गरी स्थायित्व दिने र अझ बढी लोकतान्त्रिक र अझ धेरै समावेशी निर्वाचन प्रणाली छ भने त्यसलाई अंगीकार गर्न पनि तयार हुनु पर्दछ ।

## परिचय

नेपालमा राजनीतिक गठबन्धन बन्ने र विघटन हुने क्रम पछिल्लो समयमा बढेको छ । मुलुकमा दिगो शान्ति, सुशासन, समृद्धि र स्थिरता कायम राख्न क्रियाशील हुनुपर्ने सरकार सत्ता समीकरणको जोड-घटाउमा लाग्दा यसका काम प्रभावित भएका छन् । नेपालले अपनाएको निर्वाचन प्रणालीअनुसार कुनै पनि दलको पूर्ण बहुमत आउने सम्भावना कम छ । त्यसैले सरकार निर्माणका लागि गठबन्धन अपरिहार्य जस्तै देखिन्छ । तर बारम्बार गठबन्धन परिवर्तन भइरहँदा नागरिक वृत्तमा सकारात्मक सन्देश गएको छैन । सत्तास्वार्थले प्रेरित भई गठबन्धन परिवर्तन गरेका हुन् भन्ने आरोप दलका नेताहरूलाई लाग्ने गरेको छ । निःसन्देह यसरी सत्तासिन भइरहने लालसामा दलहरूको काँध फेरीफेरी सत्ताको अङ्कगणित पुऱ्याउने अभ्यासले राजनीतिक अस्थिरता मुलुकले बेहोरिरहेको छ । यो अस्थिरताको असर सिंहदरबार र सङ्घीय प्रतिनिधिसभामा मात्रै होइन सातै प्रदेशमा फैलिएको छ ।

यस राजनीतिक परिवेश विश्लेषणमा सत्ता समीकरणमा बरोबर आइरहने परिवर्तन र त्यसको प्रभावबारे लेखाजोखा गर्न खोजिएको छ । पहिलो खण्डमा गठबन्धनको पछिल्ला केही आयामबारे चर्चा गरिएको छ । दोस्रो खण्डमा गठबन्धन परिवर्तनले दलहरूमा ल्याएको असरको वर्णन छ । तेस्रो खण्डले सङ्घीय तहमा बनेको नयाँ सत्ता समीकरणको असर प्रदेशसम्म कसरी पुगेको छ भन्ने वृत्तान्त समेट्छ । सत्ता समीकरणपश्चात् सिर्जित अस्थिरताका आयाम चौथो खण्डमा छ । पाँचौँ खण्डले गठबन्धनको भावी दिशा र दशाको लेखाजोखा गर्छ । अन्तिममा निचोड राखिएको छ ।

## १. गठबन्धनको पृष्ठभूमि

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] बीच २०७४ को प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा गठबन्धन बनाएर सहभागी भए । पछि ती दुई दलबीच एकीकरण भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बन्यो । तर केही समयमै त्यसका दुई अध्यक्ष केपी शर्मा ओली र पुष्पकमल दाहालबीच शक्ति सङ्घर्ष शुरू भयो । अन्तरसङ्घर्ष बढ्दै गएपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पुस ५, २०७७ मा प्रतिनिधिसभा विघटन गरे । यसैबीच सर्वोच्च अदालतले नेकपा र नेकपा (माओवादी केन्द्र) मिलेर बनेको नेकपा (नेकपा) लाई खारेज गरी अलग-अलग राजनीतिक दल हुने फैसला गऱ्यो । नेकपा (एमाले) ब्युँतिसकेपछि पनि केपी शर्मा ओली र माधवकुमार नेपाल समूहबीच अन्तरविरोध जारी रह्यो । प्रधानमन्त्री केपी शर्मा ओलीले वैशाख २७, २०७८ मा प्रतिनिधिसभामा विश्वासको मत पाउन सकेनन् । माधवकुमार नेपाल पक्षका २८ सांसद विश्वासको मत लिने बैठकमा अनुपस्थित भए । नेकपा (एमाले) अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले जेठ ८, २०७८ मा दोस्रो पटक प्रतिनिधिसभा विघटन गरे ।

यसबीच प्रधानमन्त्रीको रूपमा नेपाली काँग्रेसका शेरबहादुर देउवालाई समर्थन गर्दै नेकपा (एमाले) कै माधवकुमार नेपाल पक्षीय सांसदसहित १४६ सांसदले सर्वोच्च अदालतमा उपस्थित भएर प्रतिनिधिसभा विघटन गर्ने निर्णयविरुद्ध रिट दायर गरे। सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रतिनिधिसभा विघटनको निर्णयविरुद्ध फैसला सुनाउँदै शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गर्‍यो। यससँगै नेकपा (एमाले) का नेता माधवकुमार नेपालले दल विभाजन गरी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) [नेकपा (एस)] गठन गरे। त्यसपछि नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एस), जनता समाजवादी पार्टी नेपाल (जसपा) र राष्ट्रिय जनमोर्चा नेपाल (राजमो) को पाँच दलीय गठबन्धन बन्यो। ती दलले वैशाख ३०, २०७९ मा भएको स्थानीय निर्वाचन गठबन्धनकै रूपमा भाग लिए। मंसिर ४, २०७९ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा जसपा पाँच दलीय गठबन्धनबाट बाहिरिए पनि लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) सामेल भएको थियो।

असोज ३१, २०७९ मा गठबन्धनका तर्फबाट नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल र नेकपा (एस) का अध्यक्ष माधवकुमार नेपालले निर्वाचनपछि पनि गठबन्धनको सरकार रहने प्रतिबद्धता जाहेर गरेका थिए। साथै तिनले संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा गठबन्धनका दलहरूको पक्षमा मतदान गर्न संयुक्त अपिल गरेका थिए। गुणस्तरीय सेवा र सुविधामा आम नागरिकको सहज पहुँच पुर्‍याउन सङ्घ, प्रदेश र स्थानीय तहमा स्थिर र बलियो सरकार आवश्यक पर्ने पनि उक्त अपिलमा उल्लेख गरिएको थियो।[१]

पाँच दलीय गठबन्धनकै सरकार बनाउने पूर्वसहमति विपरीत पुस १०, २०७९ मा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल र नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीबीच नयाँ गठबन्धनको सरकार बनाउने र त्यसको नेतृत्व पुष्पकमल दाहालले गर्ने सहमति भयो। नयाँ गठबन्धनमा जसपा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनमत पार्टी नेपाल र नागरिक उन्मुक्ति पार्टी पनि सम्मिलित भए। शेरबहादुर देउवाले पूर्वसहमति बमोजिम पुष्पकमल दाहाललाई प्रधानमन्त्री नस्वीकारेपछि पुष्पकमल दाहालले नेकपा (एमाले) सँग नयाँ गठबन्धन बनाउनुपरेको नेकपा (एस) का अध्यक्ष माधवकुमार नेपालले त्यतिबेला बताएका थिए।[२] नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) लगायतको सात दलीय गठबन्धन निर्माणसँगै मंसिर २०७९ को निर्वाचनपश्चात् प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली काँग्रेस प्रतिपक्ष बेन्चमा पुग्यो। तर पुस २६, २०७९ मा प्रधानमन्त्री पुष्पकमल दाहाललाई नेपाली काँग्रेसले विश्वासको मत दियो। प्रमुख प्रतिपक्षमा बसेर सरकारलाई विश्वासको मत दिनु नेपाली काँग्रेसले पैरवी गर्दै आएको संसदीय परम्पराविपरीत अनौठो कार्य थियो।

पुस १० मा बनेको सात दलीय गठबन्धनले राष्ट्रपतिमा नेकपा (एमाले) को उम्मेदवारलाई समर्थन गर्ने सहमतिविपरीत नेकपा (माओवादी केन्द्र) ले राष्ट्रपतिको निर्वाचनमा नेपाली काँग्रेसका उम्मेदवार रामचन्द्र पौडेललाई सघाउने निर्णय गर्‍यो। त्यसपछि नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) लगायतको गठबन्धन धरापमा पर्‍यो। राप्रपा र नेकपा (एमाले) ले पुष्पकमल दाहाललाई दिएको विश्वासको मत फिर्ता लिए। पुनः नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) सम्मिलित चुनावपूर्वको गठबन्धन ब्यूँतियो। चैत ६, २०७९ मा पुष्पकमल दाहालले दोस्रो पटक सदनमा विश्वासको मत पाए। चैत १७, २०७९ मा प्रधानमन्त्रीले नेपाली काँग्रेसलाई सरकारमा भित्र्याए। तर नेपाली काँग्रेस सरकारमा गएको एक वर्ष पनि नपुग्दै नेकपा (माओवादी केन्द्र) ले नेपाली काँग्रेससँगको गठबन्धन टुङ्ग्याएर फागुन २१, २०८० मा फेरि नेकपा (एमाले) सँग नै सत्ता सहयात्रा शुरू गरेको छ। यसरी अस्थिर राजनीतिको परिणाम १४ महिनामा तीन गठबन्धन निर्माण हुनुका साथै एक दर्जनभन्दा बढी पटक मन्त्रिमण्डल विस्तार भएको छ।[३] मन्त्रिमण्डल पुनर्गठन हुने क्रमले थप निरन्तरता पाउने देखिन्छ।

## २. राजनीतिक दलमा अस्थिरता र असर

नेकपा (माओवादी केन्द्र) ले पुस १०, २०७९ मा, अकस्मात गठबन्धन तोडेपछि सदनमा सबैभन्दा ठूलो दल नेपाली काँग्रेस बिलखबन्दमा परेको थियो।[४] नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच गठबन्धन बनेपछि नेपाली काँग्रेसले सङ्घ एवं सातै प्रदेशमा संवैधानिक र अन्य पदहरू गुमाउने देखिएको थियो। नेपाली काँग्रेसभित्र गठबन्धन तोडिनुमा शीर्ष नेतृत्वबीच आरोपप्रत्यारोप चल्यो।[५] तर यसपटक फागुन २१, २०८० मा बदलिएको नयाँ सत्ता समीकरणपछि नेपाली काँग्रेसभित्र पहिलेजस्तो असन्तुष्टि देखिँदैन। आफ्नै दलभित्र संस्थापन र इतर पक्षमा विभाजित नेपाली काँग्रेस यतिबेला भने एक ढिक्का भएर प्रधानमन्त्रीको कदमको विरोध गरिरहेको छ। गठबन्धन फेर्ने दाहालको निर्णयलाई नेपाली काँग्रेस संसदीय दलले राजनीतिक बेइमानी भएको भन्ने निर्णय गर्‍यो। नेपाली काँग्रेसका प्रमुख सचेतक रमेश लेखकले सदनमा प्रधानमन्त्री पुष्पकमल दाहाललाई प्रश्न गरे, "प्रधानमन्त्री ज्यूले धोका नदिएका सायदै कुनै दल होलान्। तपाईंले धोका दिएका सबै दल

[१] अनलाइनखबर। २०७९। देउवा-प्रचण्ड-माधवको प्रतिबद्धता : चुनावपछि पनि गठबन्धन सरकार। कात्तिक १। https://www.onlinekhabar.com/2022/10/1206515 मा उपलब्ध, चैत १०, २०८० मा हेरिएको।

[२] नेपाल, माधवकुमार। २०७९। काँग्रेसको रवैयादेखि पीडित थिएँ, मुटुमाथि ढुंगा राखी हाँस्नुपर्‍या छ। *अनलाइनखबर*, पुस ११ (बसन्त बस्नेतसँग अन्तर्वार्ता)। https://www.onlinekhabar.com/2022/12/1238014 मा उपलब्ध, चैत ९, २०८० मा हेरिएको।

[३] शर्मा, जीवन। २०८०। अस्थिर राजनीतिको परिणाम: एक वर्षमा तीन गठबन्धन, १३ पटक मन्त्रिमण्डल विस्तार। *न्युज अफ नेपाल*, फागुन २२। https://newsofnepal.com/2024/03/05/629770/ मा उपलब्ध; चैत ११, २०८० मा हेरिएको।

[४] घिमिरे, पर्वतराज। २०७९। काँग्रेसमा असफलताको शृङ्खला, अन्तिम कसरत राष्ट्रपति। *कान्तिपुर टेलिभिजन*, माघ ७। https://kantipurtv.com/politics/2023/01/21/1674267450.html मा उपलब्ध; चैत ११, २०८० मा हेरिएको।

[५] थापा, गगन। २०७९। गठबन्धन टुट्नु र काँग्रेसको सरकार बनाउन नसक्नुको जिम्मा अरूले लिँदैनन् भने म लिन्छु। *शिलापत्र*, पुस २६ (दिपेन्द्र अधिकारीसँग अन्तर्वार्ता)। https://shilapatra.com/detail/103310 मा उपलब्ध; चैत ११, २०८० मा हेरिएको।

एक ठाउँमा उभिए तपाईँ कहाँ पुग्नु हुन्छ ?"[६] नयाँ गठबन्धन बनेसँगै नेपाली काँग्रेस त्यसविरुद्ध अर्को गठबन्धन बनाउने कसरतमा देखियो । भलै उसको त्यो प्रयास सफल हुन सकेन । सङ्घीय संसद्मा नेपाली काँग्रेस प्रतिपक्षमा पुगेको छ । प्रतिपक्षको भूमिका प्रभावकारी रूपमा निर्वाह गरी गठबन्धनमा दरार सिर्जना गर्ने रणनीति नेपाली काँग्रेसले लिएको देखिन्छ ।

२०८४ को संसदीय निर्वाचनमा सबैभन्दा ठूलो दल बन्ने लक्ष्य लिएको नेकपा (एमाले) का लागि पहिलो शर्त पाँच दलीय गठबन्धन भत्काउनु थियो । त्यसैले नयाँ गठबन्धन बनाएको नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले बताए ।[७] गठबन्धनकै कारण २०७९ को प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा नेकपा (एमाले) ठूलो दल बन्न वञ्चित भएको विश्लेषण थियो । माघ २०८० मा सम्पन्न राष्ट्रिय सभा निर्वाचनमा पनि गठबन्धनका कारण एमालेले पराजय भोग्नुपर्‍यो । नेकपा (एमाले) का लागि सरकारमा जाँदा संगठनमा भइरहेको क्षयीकरण रोक्न सहज बन्न सक्छ ।[८] सत्तामा सहभागी भएपछि विभिन्न राजनीतिक नियुक्तिदेखि राज्य स्रोतको परिचालनमा सहभागी हुन पाइन्छ । एउटा राजनीतिक दलका लागि यसको महत्त्व ठूलो हुन्छ । नयाँ सत्ता गठबन्धनको सबैभन्दा ठूलो दल नेकपा (एमाले) को व्यवहारले यो गठबन्धन कति समयसम्म टिक्छ भन्ने निर्धारण गर्छ । दुई दलका अध्यक्षबीच व्यक्तित्वको टकरावले गर्दा सहकार्यको विगत पनि सुखद छैन । राजनीतिक स्वार्थकै हेतुमात्र गरिएको यस गठबन्धनको समयावधि पनि विगतको जस्तै लामो नहुन सक्छ ।

सत्ता गठबन्धनका अर्को मुख्य सहयात्री रास्वपा हो । यस गठबन्धनको सरकारमा रास्वपाका अध्यक्ष रवि लामिछानेले उपप्रधान तथा गृहमन्त्रीको महत्त्वपूर्ण जिम्मेवारी पाएका छन् । तर उनीमाथि सूर्यदर्शन सहकारीको रकम ठगीको आरोप छ । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले उक्त आरोपका कारण उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले राजीनामा गर्नुपर्ने माग गर्दै सदन अवरुद्ध गरिरहेको छ । रास्वपालाई दबाब दिएर नेपाली काँग्रेसले सत्ता गठबन्धनमा सङ्कट सिर्जना गर्न चाहेको छ ।[९] सदनमा रास्वपाको सांसदको सङ्ख्या सरकार गठन र विघटनका लागि निर्णायक छ । त्यसैले नेपाली काँग्रेसको माग कार्यान्वयन गर्न दाहाल नेतृत्वको सरकारलाई कठिन छ । सदनबाट निरन्तर सरकारका बेथितिमाथि प्रश्न उठाइरहेको रास्वपा प्रश्नको जवाफ दिने ठाउँमा पुगेको छ । रास्वपाका मन्त्रीहरूले सम्हालेका मन्त्रालयबाट कार्य सम्पादन कसरी हुन्छ भनी निकै चासोका साथ हेरिएको छ । सरकारमा जाने वा नजाने भन्ने विवादका बीच नेकपा (एस) र जसपाले आलोचनात्मक समर्थन गर्दै गठबन्धनको सरकारमा सामेल भएका छन् । सरकारको कार्य हेरेर यसलाई दिएको समर्थनमा पुनर्विचार गर्ने सन्देश नेकपा (एस) का नेता राजेन्द्र पाण्डे र जसपाका नेता राजकिशोर यादवले सरकारलाई विश्वासको मत दिँदा बताए । यो सरकारमा विभिन्न दलहरू आ-आफ्ना शर्त राखेर सामेल भएका छन् ।[१०] प्रधानमन्त्रीको रूपमा पुष्पकमल दाहालले ती शर्तहरू कसरी लागू गर्छन् भन्ने कुराले पनि यो गठबन्धनको आयु निर्धारण गर्छ ।

आफ्नो सत्ता लम्ब्याउन नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालले पटकपटक गठबन्धन परिवर्तन गरेको आरोप छ । उनले १४ महिनामा तीन पटक गठबन्धन परिवर्तन गरिसके । तीनै पटक विश्वासको मत पनि सदनबाट पाए । तर प्रत्येक पटक सदनमा उनीमाथि विश्वासको मत भने घट्दो छ ।[११] यद्यपि, पटकपटक गठबन्धनको परिवर्तनलाई नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा प्रधानमन्त्री दाहालले आफ्नो गतिशीलताको रूपमा व्याख्या गर्छन् ।[१२] प्रत्येक आमनिर्वाचनमा नेकपा (माओवादी केन्द्र) को मत र सिट सङ्ख्या निरन्तर ओरालो लाग्दो छ । दाहाल नेपाली राजनीतिलाई अस्थिरतातर्फ डोऱ्याउने पात्र हुन् भन्ने भाष्य बलियोसँग स्थापित हुँदैछ । प्रत्येक पटक गठबन्धन अदलबदल गरेर अरूलाई दोष दिने व्यवहारका कारण उनी अविश्वस्नीय बन्दैछन् ।[१३] यदि नेपाली काँग्रेसले सदनमा भने जस्तै प्रधानमन्त्री दाहालले राजनीतिक रूपमा धोका दिएका सबै दल एक ठाउँमा आए भने सत्ता टिकाउन आफ्नै सहयात्री दलले थाहै नपाउने गरी अर्को गठबन्धन बनाउने कार्य प्रधानमन्त्री दाहालका लागि अन्तिम किस्ता पनि हुन सक्छ ।

अर्कोतिर, दाहालले राजनीतिक समीकरण एक्लैले या उनको दलले मात्रै फेरेको भने होइन । उनले गठबन्धन फेरिरहँदा उनलाई साथ दिने अन्य राजनीतिक दलहरू पनि यो अस्थिर राजनीतिका अंशियार हुन् । त्यसैले अस्थिरताको चरित्र अन्य राजनीतिक दल र तिनका नेताहरूमा पनि छ ।

---

[६] हिमालय टाइम्स । २०८० । प्रधानमन्त्रीलाई काँग्रेसको प्रश्न : तपाईँले धोका दिएका दल एक ठाउँमा उभिए कहाँ पुग्नुहुन्छ ? फागुन २४ । https://ehimalayatimes.com/2024/03/208287/ मा उपलब्ध; चैत १०, २०८० मा हेरिएको ।

[७] कान्तिपुर । २०८० । मिसन-२०८४ सफल बनाउन नयाँ गठबन्धन बनायौँ : महासचिव पोखरेल । चैत १० । https://ekantipur.com/news/2024/03/23/we-have-created-a-new-equation-to-make-mission-2084-successful-general-secretary-pokharel-22-27.html मा उपलब्ध, चैत ११, २०८० मा हेरिएको ।

[८] बिसी, गंगा । २०८० । गठबन्धनमा एमाले उदारताको अन्तर्य । *कान्तिपुर*, फागुन ३० । https://ekantipur.com/news/2024/03/13/within-the-coalition-the-uml-is-liberal-evident-in-mission-084-42-16.html मा उपलब्ध; चैत ११, २०८० हेरिएको ।

[९] शिलापत्र । २०८० । महेश बर्तौलाको आरोप-काँग्रेस रवि लामिछानेमाथि प्रहार गरेर सरकार ढाल्ने चलखेलमा छ । चैत ४ । https://shilapatra.com/detail/%20132760 मा उपलब्ध, चैत ४, २०८० मा हेरिएको ।

[१०] न्यौपाने, कुलचन्द्र । २०८० । शर्तै शर्तमा विश्वासको मत । *कान्तिपुर*, चैत १ । https://ekantipur.com/news/2024/03/14/a-conditional-vote-of-confidence-17-13.html मा उपलब्ध; चैत ५, २०८० मा हेरिएको ।

[११] मंसिर २०७९ को प्रतिनिधिसभा निर्वाचनपश्चात् दाहालले पुस २६, २०७९ मा पहिलो पटक विश्वासको मत लिए । त्यसबेला उपस्थित २७० सांसदमध्ये २६८ जनाले विश्वासको पक्षमा मत दिए । दोस्रो पटक राष्ट्रपति निर्वाचनपश्चात् दाहालले नेकपा (एमाले) सँग गठबन्धन तोडे र फेरि नेपाली काँग्रेससँग सत्ता सहयात्रा शुरूआत गरे त्यसपछि चैत ६, २०७९ मा दोस्रो पटक विश्वासको मत लिँदा प्रधानमन्त्री दाहालको पक्षमा सदनमा उपस्थित २६२ सांसदमध्ये १७२ जनाले विश्वासको पक्षमा मत दिए । तेस्रो पटक फागुन ३०, २०८० मा सदनमा उपस्थित २६८ सांसदमध्ये १५७ जनाले विश्वासको पक्षमा मतदान गरे ।

[१२] कान्तिपुर टिभी । २०८० । प्रधानमन्त्री पुष्पकमल दाहालसँग अन्तर्वार्ता । *फायरसाइड*, चैत ५ । https://www.youtube.com/watch?v=YAwC_7ZSGTY मा उपलब्ध; चैत ११, २०८० हेरिएको ।

[१३] बजगाईं, रघुनाथ । २०८०। गठबन्धन बदलु प्रधानमन्त्री : हरेक पटक अरूलाई दोष । *अनलाइनखबर*, फागुन २४ । https://www.onlinekhabar.com/2024/03/1446205 मा उपलब्ध, चैत ६, २०८० मा हेरिएको ।

## ३. प्रदेशमा प्रभाव

सङ्घमा सत्ता समीकरणमा फेरबदल आउनासाथ प्रदेशमा त्यसको असर तुरुन्तै देखिन्छ । मुलुकले सङ्घीय प्रणाली अपनाए पनि दलहरूको संरचना एकात्मक र केन्द्रीकृत छ । तसर्थ संविधानतः प्रदेश सरकार स्वतन्त्र भए पनि त्यसका मुख्यमन्त्री र मन्त्री दलका केन्द्रीय नेतृत्वको निर्णयअनुसार चल्छन् । सङ्घमा गठबन्धन बन्दाखेरि नै प्रदेश सरकारको नेतृत्वको भागबण्डा दलका केन्द्रीय नेतृत्वले गर्ने हुनाले प्रदेश सरकारका सदस्य निरीह छन् । प्रदेशमा मात्रै बलियो उपस्थिति भएका क्षेत्रीय दल पनि छैनन् । त्यसैले सङ्घीय तहमा सत्ता समीकरणमा आएको परिवर्तनको असर प्रदेश तहसम्म पुगेको हो । यसले प्रदेश सरकारको स्वतन्त्र अस्तित्वमाथि प्रश्न उब्जाएको छ ।

फागुन २०८० मा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) सहितका दलको नयाँ गठबन्धन बनेलगत्तै सङ्घीय मन्त्रिपरिषद् बैठकले गण्डकी, मधेश र सुदूरपश्चिमका प्रदेश प्रमुख पदमुक्त गरी नयाँ व्यक्तिहरूलाई ती पदमा नियुक्त गर्ने निर्णय गऱ्यो । दलीय भागबण्डाअनुसार प्रदेश प्रमुख बनाउने गलत प्रचलन छ । मिडिया रिपोर्टअनुसार नेपाली काँग्रेस निकटका प्रदेश प्रमुख भएका यी स्थानमा अहिले नियुक्त गरिएका व्यक्तिहरू नेकपा (एमाले) निकटका हुन् ।[१४] विश्वासको मत पनि नलिँदै प्रदेश प्रमुख फेर्न गरिएको हतारले प्रदेशप्रति सङ्घीय मन्त्रिपरिषद्को अविश्वास झल्काउँछ । प्रदेश सरकारको गठनमा प्रदेश प्रमुखले प्रभाव पार्न सक्ने भएकाले ती पदहरूमा हतारमा परिवर्तन गरिएको अनुमान गर्न सकिन्छ । सत्ता समीकरण सँगसँगै प्रदेश प्रमुखसमेत बदलिने परिपाटीले संवैधानिक पदको गरिमा र गुरुत्व घटाएको संविधानविद् राधेश्याम अधिकारीको टिप्पणी छ ।[१५]

सङ्घमा नेपाली काँग्रेस प्रतिपक्षमा पुग्नासाथ प्रदेश सरकारमा भएका नेपाली काँग्रेसका मुख्यमन्त्रीले ठूलो चुनौती सामना गरिरहेका छन् । गणितीय हिसाबले कमजोर अवस्थामा रहेकाले नेपाली काँग्रेसले प्रदेश सरकारका पदहरू गुमाउने सम्भावना अधिक छ । केही प्रदेशमा बहुमत पुऱ्याउन नयाँ गठबन्धनलाई पनि सकस पर्ने देखिन्छ । त्यस्ता ठाउँमा साना दल र स्वतन्त्र सदस्यको महत्त्व सँगसँगै 'बार्गेनिङ पावर' पनि बढेको छ । अहिलेको सत्ता गठबन्धनभित्रै पनि कुन प्रदेशमा कुन दलको मुख्यमन्त्री बन्ने भन्ने विवाद छ । जस्तै : कर्णाली प्रदेशमा नेकपा (एमाले) र गण्डकी प्रदेशमा नेकपा (माओवादी केन्द्र) ले मुख्य मन्त्री दाबी गरेका छन् । नेकपा (एस) ले पनि कुनै एक प्रदेशमा मुख्यमन्त्री पाउनुपर्ने दाबी गरेको छ ।

प्रदेशमा नयाँ समीकरणले पारेको असरस्वरूप कतै विश्वासको मत फिर्ता लिने त कतै मन्त्रीहरूलाई बर्खास्त गरियो । कोशी प्रदेशमा नयाँ गठबन्धनको सहजै बहुमत पुग्ने देखिन्छ । तर नेपाली काँग्रेसतर्फबाट मुख्यमन्त्री बनेका केदार कार्कीको सरकार संविधानको धारा १६८(५) अनुसार बनेको र यो परिवर्तन नहुने बरु विघटन गरी मध्यावधि निर्वाचनमा नै जानुपर्ने भन्ने एक थरीको तर्क छ भने अर्का थरीले पुनः धारा १६८(५) अनुसार नयाँ मुख्यमन्त्री नियुक्त हुनसक्ने धारणा राख्छन् । यहाँ संवैधानिक अन्यौल छ ।[१६] मधेश प्रदेशमा जसपाबाट मुख्यमन्त्री बनेका सरोजकुमार यादवले नेपाली काँग्रेसका तीन मन्त्रीलाई हटाई नेकपा (एमाले) लाई सरकारमा सामेल गरिसकेका छन् । सङ्घीय गठबन्धनमा जसपा सहभागी भएकाले र प्रदेशमा नयाँ गठबन्धनको बहुमत हुनाले मुख्यमन्त्री यादवलाई समस्या देखिँदैन ।[१७] बागमती प्रदेशसभामा नयाँ बनेको गठबन्धनका दलहरूको सिट सङ्ख्या सरकार बनाउन आवश्यक बहुमतभन्दा एक सिट पुग्दैन । त्यसैले यहाँ पनि साना दलको भूमिका बढेको छ ।[१८]

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आफ्नो नेतृत्वको सरकारमा रहेका नेकपा (माओवादी केन्द्र) का दुई मन्त्री बर्खास्त गरे भने स्वतन्त्र प्रदेशसभा सदस्य राजीव गुरुङ (दिपक मनाङे) लाई भौतिक पूर्वाधार मन्त्री बनाइसकेका छन् । आपराधिक पृष्ठभूमिका भनी आरोप लागेका गुरुङले भौतिक पूर्वाधार जस्तो ठूलो विकास बजेट भएको मन्त्रालय पाउनुले निकै ठूलो अर्थ राख्छ । राप्रपा संसदीय दलका नेता पञ्चराम गुरुङले सरकारमा जाने विषयमा दलको केन्द्रीय कमिटीमा सोधीपठाएको र केन्द्रले निर्णय गरिनसकेको बताए ।[१९] यहाँ नयाँ गठबन्धनतर्फ पनि बहुमत नपुग्ने हुनाले स्वतन्त्र सदस्य गुरुङ र राप्रपाको भूमिका महत्त्वपूर्ण देखिन्छ । लुम्बिनी प्रदेशमा पनि नेपाली काँग्रेस नेतृत्वको सरकार छ । तर गठबन्धनको सिट सङ्ख्या बहुमत नजिक भएकाले नेपाली काँग्रेसलाई विश्वासको मत पाउन कठिन छ ।

सङ्घमा गठबन्धन परिवर्तन भएलगत्तै कर्णाली प्रदेश सरकारमा सहभागी नेपाली काँग्रेसका तीन मन्त्रीले राजीनामा गरे । नेकपा (माओवादी केन्द्र) नेतृत्वको सरकार भएको यो प्रदेशमा गठबन्धनको पक्षमा बहुमत छ । तर यहाँ गठबन्धनका तर्फबाट एमालेले मुख्यमन्त्री पदको दाबी गरेको छ । सुदूरपश्चिममा गठबन्धन र नेपाली काँग्रेस दुवैलाई बहुमत पुऱ्याउन सकस छ । यस प्रदेशमा नागरिक उन्मुक्ति पार्टीको सात सिट छ र सरकार बनाउन यसैको निर्णायक भूमिका हुन्छ । अहिलेका मुख्यमन्त्री नेपाली काँग्रेसका कमलबहादुर शाहले नेकपा (माओवादी केन्द्र) का मन्त्री बर्खास्त गरी नागरिक उन्मुक्तिका थप एक जनालाई मन्त्री नियुक्त गरे । नागरिक उन्मुक्ति पार्टी कैलालीबाट निर्वाचित पाँच जनालाई नै उनले मन्त्री बनाएका छन् ।[२०]

---

[१४] उकेरा न्यूज । २०८० । अहिलेकालाई हटाएर तीन नयाँ प्रदेश प्रमुख पठाउने निर्णय, तीनैजना एमालेका । फागुन २८ । https://ukeraa.com/news/detail/145122/ मा उपलब्ध, चैत ६, २०८० मा हेरिएको ।

[१५] शाही, दिपेश । २०८० । सत्ता अनुकूलताका लागि प्रदेश प्रमुख बर्खास्त । *अनलाइनखबर*, फागुन २८ । https://www.onlinekhabar.com/2024/03/1447777 मा उपलब्ध, चैत ६, २०८० मा हेरिएको ।

[१६] राई, डाकमान । २०८० । सबै प्रदेशमा आफ्नो सरकार बनाउन सत्ता गठबन्धनलाई सकस : कहाँ कस्तो अडचन? *थाहाखबर,* चैत ६ । https://thahakhabar.com/news/198988/ मा उपलब्ध, चैत १०, २०८० मा हेरिएको ।

[१७] तिवारी, अजित र प्रतीक्षा काफ्ले । २०८० । मधेश सरकारमा एमाले, गण्डकीमा मनाङे । *कान्तिपुर*, चैत ६ । https://ekantipur.com/news/2024/03/19/uml-in-madhesh-government-manange-in-gandaki-30-09.html, मा उपलब्ध, चैत १०, २०८० मा हेरिएको ।

[१८] बजगाईं, रघुनाथ । २०८० । बागमतीको अप्ठ्यारो अङ्कगणित, दोहोरिन सक्छ 'कोशी' । *अनलाइनखबर,* चैत १२। https://www.onlinekhabar.com/2024/03/1454412 मा उपलब्ध, चैत १३, २०८० मा हेरिएको ।

[१९] तिवारी, अजित र प्रतीक्षा काफ्ले । २०८० । मधेश सरकारमा एमाले, गण्डकीमा मनाङे । *कान्तिपुर*, चैत ६ । https://ekantipur.com/news/2024/03/19/uml-in-madhesh-government-manange-in-gandaki-30-09.html, मा उपलब्ध, चैत १०, २०८० मा हेरिएको ।

[२०] चौधरी, उन्नति । २०८० । सुदूरपश्चिममा सात सांसद रहेका नाउपाका पाँच मन्त्री । *हिमाल खबर*, फागुन २८ । https://www.himalkhabar.com/news/140552 मा उपलब्ध, चैत १४, २०८० मा हेरिएको ।

बहुमतका लागि सुदूरपश्चिममा अझै दुई जना अपुग छ । प्रदेशसभामा एक सदस्य भएको राप्रपा र अर्का एक स्वतन्त्र सदस्यको समर्थन पाएमा मात्रै मुख्यमन्त्री शाहको बहुमत हुनेछ । तर, नागरिक उन्मुक्ति पार्टीभित्रै अहिलेको नयाँ गठबन्धनलाई सघाउने या नसघाउने भन्ने दुई धार छ ।

पुरानो गठबन्धन भत्किएकाले प्रदेशका मुख्यमन्त्रीहरूले एक महिनाभित्र विश्वासको मत पुनः लिनुपर्ने संवैधानिक प्रावधान छ । त्यसैले आगामी दिनमा प्रदेशको सत्ता राजनीति अझ धेरै तरल र उथुलपुथलपूर्ण हुने निश्चित छ ।

## ४. अस्थिरताको दुष्चक्र

सत्ता परिवर्तनको बहुआयामिक प्रभाव रहन्छ । सदनको मुख्य काम कानून निर्माण, सरकार गठन र सरकारका कामकारबाहीको निगरानी हो । तर सरकार गठन र विघटनका कारण सदनको ध्यान कानून निर्माणमा कम पुगेको छ । बरु सदन सरकार बनाउने र गिराउने कार्यमा मात्र बढी रुमल्लिरहेको छ । विधेयक सदनमा पेस गर्ने सरकारको काम हो तर अस्थिरताका कारण यो पनि प्रभावित भएको छ । त्यसैले बन्नैपर्ने कानून पनि बन्न सकेका छैनन् ।[२१] तत्कालीन विद्रोही पक्ष नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबीच शान्ति सम्झौता भएको १७ वर्ष बितिसक्दा पनि संक्रमणकालीन न्यायसम्बन्धी ऐन बन्न नसक्दा हजारौँ पीडितहरू न्यायबाट विमुख भएका छन् । नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) लगायतको यस अघिको गठबन्धन सरकारले सो विधयेक अगाडि बढाउन चाहे पनि प्रतिपक्षी दलको असहमतिका कारण अगाडि बढेन । सङ्घीयता कार्यान्वयनसम्बन्धी महत्त्वपूर्ण कानून पनि सङ्घीय संसद्ले बनाउन सकेको छैन । यसअघि नेकपा (एमाले) प्रतिपक्षमा हुँदा विभिन्न विषयमा मुछिएर विवादित बनेका मन्त्रीले राजीनामा दिनुपर्ने मागसहित सदन अवरुद्ध गरेको थियो । सत्ता गठबन्धन परिवर्तन भएपछि प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले सहकारीको रकम हिनामिनासम्बन्धी मुद्दामा आरोपित उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको राजीनामा माग गरेर सदन अवरुद्ध गरेको छ । यसले फेरि कानून निर्माणमा ढिलाइ हुने सम्भावना छ । अर्कोतर्फ, सत्ता गठबन्धन जनताको दैनन्दिन समस्या सुल्झाउने, सुशासन र विकास निर्माणको कार्य गरेर जनतामा बढ्दो निराशा चिर्नेभन्दा पनि पदीय व्यवस्थापन र नियुक्तिको भागबण्डामा मात्र सीमित हुने गरेको आरोप नेपाली काँग्रेसका महामन्त्री गगन थापाले लगाएका छन् ।[२२]

सत्ता परिवर्तनसँगसँगै सरकारको नीति, कार्यक्रम तथा प्राथमिकतामा पनि परिवर्तन आउँछ । यसले आर्थिक, प्रशासनिक, सेवा प्रवाह तथा विकास निर्माणको कार्यमा समेत नकारात्मक प्रभाव पार्छ । एउटा सरकारले ल्याएको जतिसुकै राम्रो कार्यक्रम तथा बजेट भए पनि त्यस्ता नीति, कार्यक्रम तथा बजेटलाई अर्को सरकारले प्राथमिकतामा राख्दैन । यस्तो प्रवृत्ति तीनै तहको सरकारमा देखिन्छ । उदाहरणको लागि, लुम्बिनी प्रदेश सरकारका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलको पालामा आवधिक योजना निर्माण गरियो । पोखरेल मुख्यमन्त्री रहँदा लुम्बिनी प्रदेश सरकारले नीति तथा कार्यक्रम सोही आवधिक योजनाअनुसार नै निर्माण गऱ्यो । आवधिक योजनाको एउटा लक्ष्य पाँच वर्षभित्र प्रदेशको शतप्रतिशत घरमा खानेपानी पुऱ्याउने थियो । तर उनीपछि बनेको सरकारले सो आवधिक योजना लागू नगर्दा सबै घरधुरीमा खानेपानी पुऱ्याउने लक्ष्यसहित सञ्चालन भएका ७८ योजना अलपत्र परे ।[२३]

पाँच दलीय गठबन्धनको सरकारमा नेपाली काँग्रेसबाट अर्थमन्त्री बनेका प्रकाशशरण महतले विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता सदनमा प्रस्तुत गरेका थिए । गठबन्धन परिवर्तन भएपछि उक्त विधेयकमा पनि परिवर्तन गर्नुपर्ने माग नेकपा (एमाले) ले राखेको थियो । विधेयकमा परिवर्तन हुने हो वा होइन भन्ने अन्यौलबीच सदनमा बोल्ने तयारी कसरी गर्ने भन्ने अलमल भएको एक सांसदले बताए ।[२४] तर सरकार परिवर्तन भए पनि अघिल्लो अर्थमन्त्रीले नै पेश गरेको विनियोजन विधेयक नै सदनमा अगाडि बढेको छ । बजेट निर्माणको सम्मुखमा गठबन्धन परिवर्तन भएसँगै राष्ट्रिय योजना आयोगका चार सदस्यले राजीनामा दिएका छन् । उनीहरू नेपाली काँग्रेस र जनमत पार्टी नेपालबाट सदस्य बनेका थिए भने उक्त स्थानमा नयाँ गठबन्धनका दलका सदस्यहरू नियुक्त भइसकेका छन् । यस कार्यले पनि बजेट निर्माण तथा योजना प्राथमिकता निर्धारणमा प्रभाव पार्न सक्छ । त्यस्तै, अस्थिरताको सन्देश गएकोले वैशाख १६ र १७, २०८१ मा हुने लगानी सम्मेलनमा पनि असर पर्न सक्ने पूर्व अर्थमन्त्री प्रकाशशरण महतले बताए ।[२५] लगानीको वातावरण सिर्जना गर्न हाल मौजुदा १० ओटा ऐनमा संशोधन गर्नुपर्ने भए पनि सो कार्य हालसम्म अगाडि बढ्न सकेको छैन । प्रदेश तहमा पनि कसको सरकार बन्छ भन्ने अन्यौलबीच आगामी वर्षको बजेटको तयारी भइरहेको छ । यसले बजेट र नीति निर्माण कार्यलाई प्रतिकूल असर पार्न सक्छ ।

सार्वजनिक सेवा प्रवाह र प्रशासनमा पनि सरकार परिवर्तनको असर पर्छ । सरकार परिवर्तनसँगै मन्त्रालय प्रशासनको काम केही दिनसम्म मन्त्रीको बिदाइ, नयाँ मन्त्रीको स्वागत, उनलाई ब्रिफिङ गर्दैमा ठीक्क हुन्छ । नयाँ मन्त्रीलाई मन्त्रालयको कामबारे बुझ्न पनि समय लाग्छ भने नयाँ आउने मन्त्रीको नीतिगत प्राथमिकता पनि भिन्न हुन जान्छ । त्यस्तै मन्त्री फेरिनेबित्तिकै कर्मचारी पनि व्यापक फेरबदल गर्ने अभ्यास छ । सत्ता गठबन्धन परिवर्तनसँगै फागुन २८, २०८० को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को निर्णयअनुसार गृह मन्त्रालयका सचिव फेरिएका छन् । त्यस्तै चैत २, २०८० मा गृहमन्त्री लामिछानेले प्रमुख जिल्ला अधिकारी (सीडीओ) को पदस्थापन, सरुवा वा काम काजमा खटाउनेसम्बन्धी कार्यविधि संशोधन गरेर त्यसको आधारमा ११ जिल्लाका सीडीओ सरुवा गरेका छन् । त्यति मात्र होइन गृहमन्त्रीले संविधानविपरीत सङ्घीयताको अभ्यासलाई नै संकुचित पार्ने गरेर

[२१] ढुङ्गाना, शम्भु । २०८० । प्रतिनिधिसभाको ७ महिनामा बनेन एउटै पनि कानुन । *रातोपाटी,* साउन १० । https://www.ratopati.com/story/375755/banena-kanun- मा उपलब्ध, चैत १०, २०८० मा हेरिएको ।

[२२] थापा, गगन । २०८० । सबैको दिमाग नै गठबन्धनले खाइदियो (बसन्त बस्नेतसँग अन्तर्वार्ता) । *अनलाइनखबर*, फागुन ११ । https://www.onlinekhabar.com/2024/02/1439595 मा उपलब्ध, चैत १०, २०८० मा हेरिएको ।

[२३] क्षेत्री, केशरराज । २०८० । सत्ता फेरिँदाको असर विकास निर्माणमा । *अन्नपूर्ण*, फागुन ३० । https://annapurnapost.com/story/453774/ मा उपलब्ध; चैत ७, २०८० मा हेरिएको ।

[२४] उक्त सांसदसँग चैत ८, २०८० मा गरिएको कुराकानी ।

[२५] बीबीसी न्यूज नेपाली । २०८० । सत्ता समीकरण फेरबदलले लगानी सम्मेलनमा के असर पर्ला? चैत १ । https://www.bbc.com/nepali/articles/cz4z0n73xr7o मा उपलब्ध; चैत ११, २०८० मा हेरिएको ।

सीडीओलाई परिपत्रमार्फत अधिकार दिएका छन् ।[२६] प्रदेशले सीडीओको भूमिकामाथि प्रश्न उठाइराखेको सन्दर्भमा सीडीओलाई थप अधिकार दिँदा प्रदेश र सङ्घबीच विवाद उत्पन्न हुन सक्छ । स्थानीय तहमा पनि सरकार परिवर्तन भएसँगै आफू अनुकूलको प्रमुख प्रशासकीय अधिकृत लैजान पालिकाका जनप्रतिनिधिको जोड हुन्छ । यसरी पटकपटक कर्मचारी सरुवा हुँदा विकास खर्च विनियोजन गरेभन्दा कम हुन्छ । यसको समग्र असर अर्थतन्त्रमा पर्ने गरेको छ ।

## ५. गठबन्धनको दिशा र दशा

विगतको अभ्यास हेर्ने हो भने राजनीतिक दलमा गठबन्धन संस्कृतिको अभाव देखिन्छ । राजनीतिक एवं वैचारिक समानता भएर ती दलले अँगालेका सिद्धान्त वा कार्यक्रम लागू गर्ने उद्देश्यका साथ कमै गठबन्धन निर्माण भएका छन् । केही दलका शीर्ष नेताको छोटो राजनीतिक तथा सत्ता स्वार्थका कारण गठबन्धन बन्ने र भत्कने गरेको छ । स्वार्थको जगमा निर्माण भएको गठबन्धनमा दलका नेताहरूबीच विश्वासको सर्वथा कमी देखिन्छ । त्यसैले अहिले बनेको गठबन्धनको भविष्यप्रति पनि संशय पैदा भइसकेको छ । नेपाली काँग्रेस र एमाले मिल्ने सम्भावना छ र त्यो डर प्रधानमन्त्री पुष्पकमल दाहाललाई छ । प्रतिपक्षी दलमा धकेलिएको नेपाली काँग्रेसले गठबन्धनको विरोध गर्नु स्वाभाविक हो । तर नयाँ सत्ता गठबन्धनभित्रै नेताहरूले प्रधानमन्त्रीलाई विश्वासको मत दिँदा सदनमा चेतावनीपूर्ण अभिव्यक्ति दिएका छन् । यसले सत्ता परिवर्तनको अस्थिर राजनीतिले निरन्तरता पाउने संकेत गर्छ ।

सरकार टिकाउने उपक्रममै प्रधानमन्त्रीको ध्यान जाने हुनाले यसले शासन प्रशासनमा बाधा पुर्‍याई दीर्घकालीन नीति र योजनामा समेत नकारात्मक असर पारेको हुन्छ । राजनीतिक दलको चुलिँदो सत्ता लिप्साका क्रियाकलापले जनतामा राजनीतिक विकर्षण बढ्दै गएको छ । सन् २०२२ मा गरिएको एक सर्वेक्षणअनुसार ४१ प्रतिशत नेपालीले नेपाल सही मार्गमा गइरहेको बताएका थिए । तर सन् २०२० मा त्यस्तो भन्ने नेपाली ६५.६ प्रतिशत थिए ।[२७] राजनीतिक दलहरू सबैभन्दा कम विश्वसनीय निकाय बन्दै गएको पनि सर्वेक्षणले देखाएको छ ।[२८] अस्थिर राजनीतिका कारणले नागरिकको विकास र सुशासनको चाहनामा तुषारापात भएको छ । यसको परिणाम जनतामा निरासा र वितृष्णा बढ्दो क्रममा छ । यस्तो हुनु भनेको नेपालले अङ्गीकार गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लागि पनि चुनौती हो ।

संविधानमा भएको निर्वाचन प्रणालीका कारण कुनै पनि दलको बहुमतको सरकार नबन्ने भएकोले यसमाथि पुनर्विचार गर्नुपर्ने आवाज उठ्न थालेको छ । केहीले प्रत्यक्ष कार्यकारी पदका लागि निर्वाचन गरेमा मुलुकले स्थिर सरकार पाउने तर्क पनि गरेका छन् । नेपाली इतिहासमा बहुमतका सरकारसमेत अस्थिर भएका उदाहरण छन् । लोकतन्त्र हुर्कंदै गरेको मुलुकमा प्रत्यक्ष कार्यकारीले निर्वाचन जितेपछि झन् निरङ्कुश बनिदिने सम्भावना पनि भएकाले त्यसप्रति आशंका गर्नेको मत पनि उत्तिकै छ । अर्कोतर्फ, राजनीतिक, आर्थिक र सामाजिक रूपमा वर्चस्वशाली समुदाय मात्र सत्ता नेतृत्वमा पुग्ने सम्भावना बढी छ । त्यसैले निर्वाचन प्रणाली मात्रै यो अस्थिरताका लागि दोषी होइन । निर्वाचन प्रणालीमा कमजोरी मात्र नखोजी यसका विविध आयामबारे छलफल गर्न सकिन्छ । नेपालले समानुपातिक निर्वाचन प्रणाली समावेशिता सुनिश्चित गर्नका लागि अपनाएको हो । तर समानुपातिक निर्वाचन प्रणालीको अहिलेको प्रावधानले पहुँच भएकै वर्गलाई झन् सहयोग गराएको तर्क पनि गरिएको छ ।[२९] राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीलाई दुरुपयोग गरेका छन् ।[30] दलहरूले यस प्रणालीलाई मात्र समावेशिता सुनिश्चित गर्ने संयन्त्र मानी प्रत्यक्ष निर्वाचनतर्फ महिला, दलित, जनजाति, मधेशी समुदायलाई टिकट नदिने प्रवृत्ति पनि झाङ्गिँदैछ भने समानुपातिक पद्धतिबाट निर्वाचित सदस्यलाई दोस्रो दर्जाको सदस्य मान्ने गरिएको पनि सुनिन्छ ।[३१] समानुपातिक प्रणालीका बावजुद अझै पनि सदनमा समावेशी चित्र नदेखिएको गुनासो पनि छ । त्यसैले नेपालको जातीय, लैङ्गिक एवं भौगोलिक विविधतालाई सम्बोधन गर्नुका साथै सत्ता राजनीतिमा लोकतान्त्रिक स्थायित्व पनि कायम हुने गरी निर्वाचन प्रणालीमा सुधार गर्नेतर्फ बहस बढाउन सकिन्छ ।

## निचोड

बारम्बार सत्ता गठबन्धन बन्ने र विघटन भइरहने अस्वाभाविक उपक्रमले मुलुकको दिगो शान्ति, सुशासन, समृद्धि र स्थिरता कायम राख्ने सरकारको मुख्य काम प्रभावित भइरहेको छ । यसको प्रत्यक्ष असर सङ्घीय तहमा पर्ने नै भयो । राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र र सङ्घीय चरित्र दुवैको अभाव छ । त्यसैले सङ्घीय सदनमा बनेको समीकरणको असर प्रदेशसभासम्म तुरुन्तै पुग्छ । यसलाई असल अभ्यास कदापि मान्न सकिँदैन ।

[२६] घिमिरे, रवीन्द्र। २०८० । सीडीओमार्फत शक्तिको अभ्यास गर्ने गृहमन्त्रीको प्रयास। *अनलाइनखबर*, चैत ९ । https://www.onlinekhabar.com/2024/03/1453152 मा उपलब्ध; चैत ११, २०८० मा हेरिएको ।

[२७] अधिकारी, विष्णु, सृजना नेपाल र रक्षा भट्टचन । २०८० । सेभेन एर्स इन्टु फेडेरालिज्म, इज नेपाल्स ग्लास हाल्फ एम्प्टी अर हाल्फ फुल ? द *एशिया फाउण्डेसन ।* https://asiafoundation.org/2023/ 05/03 /seven-years-into-federalism-is-nepals-glass-half-empty-or-half-full/ मा उपलब्ध, चैत ११, २०८० मा हेरिएको ।

[२८] स्कुल अफ आर्ट्स काठमाडौं विश्वविद्यालय, इन्टरडिसिप्लिनरी एनालिस्ट र द एशिया फाउण्डेशन । सन् २०२२ । अ सर्भे अफ द नेपाली पिपुल इन २०२२ । https://asiafoundation.org/wp-content/uploads/2023/02/A-Survey-of-the-Nepali-People-2022.pdf मा उपलब्ध, चैत ११, २०८० मा हेरिएको ।

[२९] विश्वकर्मा, जेबी । २०८० । समानुपातिक समावेशी सिद्धान्त र निर्वाचन परिणामबीचको अन्तर्विरोध : २०७९ सालको निर्वाचनमा दलित र सीमान्तीकृत समुदायको प्रतिनिधित्वको अवस्था विश्लेषण । https://dignityinitiatives.org/wp-content/uploads/2023/08/Election-Analisys-nepali-1.pdf मा उपलब्ध, चैत ९, २०८० मा हेरिएको ।

[३०] मैनाली, श्यामप्रसाद । २०७९ । समानुपातिकको दुरुपयोग । *अन्नपूर्ण पोष्ट*, असोज १२ । https://annapurnapost.com/story/213767/ मा उपलब्ध, चैत १२, २०८० मा हेरिएको ।

[३१] लामिछाने, रघुनाथ । २०७९ । प्रतिनिधि र प्रदेशसभामा सहभागिता । *नागरिक*, पुस ६ । https://nagariknews.nagariknetwork.com/opinion/1031791-1671665802.html?click_from=trending

अप्रत्यक्ष असर त स्थानीय तहसम्मै छ। नागरिकले पाउनुपर्ने सेवा सुविधाका साथै विकास र सुशासनका गतिविधिमा समेत यसको नकारात्मक प्रभाव परेको छ। यसले दल र सरकारप्रति उनीहरूको वितृष्णा बढाइदिएको छ। यस्तो हुनु भनेको लोकतन्त्रका लागि चुनौती हो। यस तथ्यलाई दलहरूले मनन गर्न जरुरी छ। गठबन्धन परिवर्तन हुँदा विचार, कार्यदिशा र सैद्धान्तिक धरातल आधार बन्नु स्वाभाविकै मान्न सकिएला। तर, संसदको अङ्कगणित मात्रै हेरेर गरिने प्राविधिक गठबन्धनका कारण लोकतान्त्रिक मान्यता र मूल्यमा सम्झौता हुने जोखिम बढेको छ।

समग्रमा, नेपालमा सत्तारुढ गठबन्धनको बारम्बार परिवर्तनले राजनीतिक स्थायित्व र आर्थिक विकासलाई कमजोर बनाउँदै देशको प्रगति र समृद्धिमा ठूलो चुनौती खडा गरेको छ। लोकतान्त्रिक शासन पद्धतिमा दलहरूले जित्छन्, हार्छन्। दलहरू धराशायी हुन सक्छन् या नयाँ दल उदाउन सक्छन्। तर, लोकतन्त्रको मूल चरित्रअनुरूप मुलुकमा सुशासन, विकास र सहज सेवा प्रवाह भने भएकै हुनुपर्छ। त्यसो हुन नसकेमा समग्र राजनीतिक प्रक्रियाप्रति जनताको विश्वास घट्दै जाने निश्चित छ। सत्ता सञ्चालनमा देखिएको अस्थिरताको जड राजनीतिक संस्कार नहुनाले हो या निर्वाचन प्रणालीले गर्दा हो या अन्य केही कारणले हो भन्नेबारे हचुवाको भरमा निर्णय लिनु उपयुक्त हुँदैन। तर व्यापक बहस गरी स्थायित्व दिने र अझ बढी लोकतान्त्रिक र अझ धेरै समावेशी प्रणाली छ भने त्यसलाई अंगीकार गर्न पनि हिचकिचाउनु हुँदैन।

◆◆◆

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो। स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ। डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ। यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो।

DEMOCRACY RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**
कुपण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org | https://www.democracyresource.org/